apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: ३०४ ● पृष्ठ: ४ ● ०२ मंसिर २०८३ बुधबार (18 November 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

गोलबजारबाटै राष्ट्रिय परिचयपत्र सेवा सुरू

नगरपालिकामै दर्ता तथा वितरण स्टेसन स्थापना, सेवाग्राहीलाई लामो लाइन र झन्झटबाट राहत

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०१ गते



सिरहाको गोलबजार नगरपालिकाबाटै राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा सुरु भएको छ। नगरपालिकाले वडा नम्बर ४ स्थित आयुर्वेद औषधालयमा राष्ट्रिय परिचयपत्र दर्ता तथा वितरण स्टेसन स्थापना गरी मंगलबारदेखि सेवा सञ्चालनमा ल्याएको हो।

नगर प्रमुख श्यामकुमार श्रेष्ठ, उपप्रमुख मानतीदेवी साह, निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा स्वास्थ्य शाखा प्रमुख सरोजकुमार कर्णलगायत जनप्रतिनिधिको उपस्थितिमा सेवाको शुभारम्भ गरिएको हो।

सेवा शुभारम्भ गर्दै नगर प्रमुख श्रेष्ठले नगरपालिकाको पहलमा राष्ट्रिय परिचयपत्र दर्ता स्टेसन स्थापना गर्न सफल भएको बताए। यसबाट राष्ट्रिय परिचयपत्र बनाउन सदरमुकाम धाउनुपर्ने र बिहानै देखि १०-१२ घण्टासम्म लाइनमा बस्नुपर्ने बाध्यता अन्त्य हुने उनको भनाइ छ।

नगरपालिकाबाटै सेवा उपलब्ध हुन थालेपछि गोलबजारका सेवाग्राहीलाई ठूलो राहत पुग्ने विश्वास उनले व्यक्त गरे।

त्यस्तै, उपप्रमुख मानतीदेवी साहले नयाँ सेवाबाट गोलबजारवासीसँगै छिमेकी पालिकाका नागरिकले समेत लाभ लिन सक्ने बताइन्। उनले सेवा प्रवाहलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन्।

सेवा प्रवाहलाई व्यवस्थित बनाउन नगरपालिकाले वडाअनुसार फरक-फरक दिन निर्धारण गरेको छ। निर्धारित तालिकाअनुसार वडा नम्बर २, ३ र ४ का सेवाग्राहीले सोमबार, वडा नम्बर १२ र १३ ले मंगलबार, वडा नम्बर ७, ८ र ५ ले बुधबार, वडा नम्बर १, ९ र १० ले बिहीबार तथा वडा नम्बर ६ र ११ का सेवाग्राहीले शुक्रबार सेवा लिन सक्नेछन्।

एकै दिन सबै वडाका सेवाग्राही आउँदा भीडभाड बढेर सेवा प्रवाहमा समस्या हुन सक्ने भएकाले वडागत समयतालिका निर्धारण गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत कर्णले जानकारी दिए।

उनका अनुसार निर्धारित समयतालिकाले भीड व्यवस्थापनसँगै सेवाग्राहीलाई सहज र भरपर्दो सेवा उपलब्ध गराउन सहयोग पुग्नेछ।

स्वास्थ्यमन्त्री मेहताको अनुगमन: औषधि राख्ने फ्रिजमा ह्विलचेयर भेटेपछि



अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०१ गते

छठ मनाउन तराई मधेश आएकी स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले अनुगमनको क्रममा औषधि राख्ने फ्रिजमा ह्विलचेयर भेटेपछि स्वास्थ्य सचिवलाई हपारेकी छिन्। मधेश भ्रमणको क्रममा स्वास्थ्य मन्त्री मेहताले स्वास्थ्य सेवा प्रदायक सरकारी कार्यालयहरुको अनुगमनमा मधेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्रको गोदाम रहेको मुजेललिया स्थित स्टोरमा औषधि राख्ने फ्रिजमा ह्विलचेयर भेटेपछि प्रदेश स्वास्थ्य सचिव डा. प्रमोद कुमार यादवलाई खरोखोटो सुनाएकी हुन्।

उनले भनिन, 'फ्रिज औषधि राख्न हो की ? ह्विचेयर यो सामान्य कुराहरु पनि तपाईहरु व्यवस्थापन गर्न सक्नु हुन्न ? प्रदेशको स्वास्थ्य व्यवस्थापनको जिम्मा सचिवलाई हुन्छ, तर तपाईले आवश्यकता अनुसारको व्यवस्थापन नै गर्न सक्नु भएको छैन।' अनुगमनको क्रममा स्वास्थ्य मन्त्री मेहताले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरलाई स्तरोन्नती, कर्मचारीको दरबन्दी, औषधि अभाव, स्वास्थ्य सेवाको चाप लगायतका विषयमा चासो राखेका

बाँकी पृष्ठ ४ ▸▸

भारतले अनुमति नदिंदा ६०९ मेगावाट बिजुली बेच्न पाएन नेपालले

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०१ गते



नेपालले भारतका हरियाणा, उत्तर प्रदेश र बिहारमा बिक्री गर्दै आएको ६०९ मेगावाट बिजुलीको द्विपक्षीय बिक्री सम्झौता नवीकरण नहुँदा यस वर्ष नेपालले उक्त परिमाणको बिजुली निर्यात गर्न पाएन।

नेपाल विद्युत् प्राधिकरणले नेपाल-भारत द्विपक्षीय सम्झौता अनुसार हरियाणामा ४०४ मेगावाट तथा उत्तर प्रदेश र बिहारमा २०५ मेगावाट गरी ६०९ मेगावाट बिजुली बिक्री गर्दै आएको थियो।

उक्त ६०९ मेगावाट बिजुली मध्यकालीन निर्यात सम्झौताको अवधि गएको अक्टोबरको अन्तिमदेखि सकिएको हो।

दुई पक्षीय मध्यकालीन निर्यात अवधि सकिएपछि नेपालले उक्त बिजुली भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को बजारमा बेच्न खोजेको थियो। बिक्रीका लागि नेपालले स्वीकृति माग गरे पनि नपाएको हो।

हरेक वर्ष मध्यकालीन सम्झौताको निर्यात अवधि सकिएपछि भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मा रूपान्तरण गरी बिजुली निर्यात गर्दै आएको थियो। तर यस वर्ष भारतले मध्यकालीन सम्झौताको उक्त बिजुली आइएक्समार्फत निर्यात गर्न अनुमति नदिएको हो।

नेपालले आफ्नो प्रणालीमा आन्तरिक मागभन्दा बढी बिजुली उपलब्ध भएको अवस्थामा भारतीय ऊर्जा एक्सचेन्जमा बिक्रीका लागि राख्न सक्छ। बजारमा माग र प्रतिस्पर्धी दरअनुसार कारोबार हुन्छ। डे-अहेड मार्केटमा अर्को दिनका लागि र रियल टाइम मार्केटमा तत्काल आवश्यकताअनुसार बिजुली किनबेच गर्न सकिन्छ। नेपालले यसअघि पनि वर्षायाममा बढी भएको बिजुली यही बजारमार्फत भारतमा बिक्री गर्दै आएको छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायूकुमार श्रेष्ठले भने उक्त ६०९ मेगावाट बिजुलीलाई आइएक्समार्फत बिक्री गर्न अनुमति माग्दै गत अगस्टमै भारतलाई प्रस्ताव पठाएको बताए। तर प्रस्ताव पठाएको करिब तीन महिना बितिसक्दा पनि भारतबाट स्वीकृति आएको छैन।

श्रेष्ठका अनुसार नेपालले यस वर्ष

बाँकी पृष्ठ ४ ▸▸

पत्रकार महासंघले गऱ्यो आन्दोलनका कार्यक्रम घोषणा

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०१ गते



नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, पत्रकारको पेसागत सुरक्षा र श्रम अधिकारको सुनिश्चितताका लागि सरकारविरुद्ध आन्दोलनका कार्यक्रम घोषणा गरेको छ।

नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै आन्दोलनका कार्यक्रमबारे जानकारी दिएका हुन्।

समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गरिएको, प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने मनसायसहित प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास भएको तथा सञ्चारमाध्यममा अनधिकृत रूपमा गाडी तेर्स्याउनेमाथि हालसम्म कारवाही नभएको भन्दै महासंघले आन्दोलन घोषणा गरेको हो।

त्यस्तै, गोरखापत्रलगायत सरकारी तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबर्जस्ती निष्कासन गरिएको, श्रम अधिकार उल्लंघन भएको र लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले प्राप्त गर्दै आएको रकम प्रेस काउन्सिल नेपालको सिफारिसअनुसार उपलब्ध नगराइएको विषयलाई पनि महासंघले आन्दोलनको कारणका रूपमा उल्लेख गरेको छ।

वर्तमान अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति सरकारले अनुदार व्यवहार देखाएको महासंघको आरोप छ।

महासंघले सार्वजनिक गरेको आन्दोलनका कार्यक्रमअनुसार २०८३ मंसिर २ गते प्रधानमन्त्रीलाई

बाँकी पृष्ठ ३ ▸▸

महिला हिंसा अन्त्य गरौं



- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

सडकमा निर्माण सामग्री र नागरिकको जीवन

सडक पूर्वाधार विकासलाई समृद्धि र सहज आवागमनको आधार मानिन्छ। सडक विस्तार तथा स्तरोन्नतिले नागरिकको दैनिकी सहज बनाउनुका साथै आर्थिक, सामाजिक र व्यावसायिक गतिविधिलाई समेत गति प्रदान गर्छ। तर विकासका नाममा निर्माण भइरहेका सडक नै नागरिकका लागि मृत्युको पासो बन्न थालेको छ। अहिले सिरहा जिल्लाका विभिन्न सडकखण्डमा देखिएको अवस्था यस्तै चिन्ताजनक छ। सिरहा-चोहर्वा सडकखण्डको विस्तार कार्य भइरहेको छ। सडक निर्माणका क्रममा प्रयोग हुने ग्राभेल तथा अन्य निर्माण सामग्री सडकमै भण्डारण गर्ने गरिएको छ। विशेषगरी भलुवाही नजिक सडकमा थुपारिएको ग्राभेलका कारण पटक-पटक मोटरसाइकल दुर्घटना हुने गरेको र केही नागरिकले ज्यानसमेत गुमाएका छन्। त्यस्तै, सिरहाको महावीर चोकदेखि शिवचोक हुँदै हुलाकी राजमार्ग जोडिने सडकखण्डमा पनि निर्माण सामग्री सडकमा थुपारिएका कारण मोटरसाइकलयात्रीको ज्यान गएको छ। यस्ता समस्या जिल्लाका ग्रामीण तथा सहरी क्षेत्रका अन्य सडकमा समेत देखिनु अझ चिन्ताको विषय हो। सडक निर्माण गर्नु विकास हो। तर निर्माणकै क्रममा नागरिकको ज्यान जोखिममा पार्नु कुनैपनि अर्थमा स्वीकार्य हुन सक्दैन्। निर्माण कम्पनीले सडकलाई आफ्नो सामग्री भण्डारण गर्ने गोदामका रूपमा प्रयोग गर्नु गैरजिम्मेवार कार्य हो। सडक सार्वजनिक सम्पत्ति हो र यसको पहिलो उद्देश्य नागरिकलाई सुरक्षित आवागमनको सुविधा उपलब्ध गराउनु हो। निर्माण सामग्री जथाभावी थुपार्ने, रातिको समयमा देखिने गरी संकेत तथा चेतावनी नराख्ने, जोखिमयुक्त स्थानमा सुरक्षा घेरा नबनाउने र वैकल्पिक आवागमनको व्यवस्था नगर्ने प्रवृत्तिले दुर्घटनाको जोखिम बढाइरहेको छ। निर्माण कार्यका क्रममा केही असुविधा हुनु स्वाभाविक हुन सक्छ। तर, असुविधा र नागरिकको जीवन जोखिममा पार्नु फरक विषय हुन्। निर्माण कम्पनीले आफ्नो जिम्मेवारी र दायित्वबाट पन्छिन मिल्दैन्। सडक निर्माणको ठेक्का पाउनु भनेको सडकमा सामग्री थुपारेर नागरिकलाई जोखिममा पार्ने छुट पाउनु होइन्। निर्माण व्यवसायीले कामको गुणस्तर र समयसीमासँगै नागरिकको सुरक्षा सुनिश्चित गर्नुपर्ने दायित्व पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

यसमा स्थानीय तह, सडक डिभिजन कार्यालय, जिल्ला प्रशासन कार्यालय, ट्राफिक प्रहरी तथा नियामक निकायहरू गम्भीर हुन आवश्यक छ। सडकमा जथाभावी निर्माण सामग्री थुपार्ने कार्य तत्काल रोक्नुपर्छ। निर्माण सामग्री सुरक्षित स्थानमा भण्डारण गर्ने व्यवस्था मिलाउनुपर्छ। अत्यावश्यक अवस्थामा सडकमा सामग्री राख्नुपर्ने भए पर्याप्त संकेत चिह्न, रातिमा देखिने रिफ्लेक्टर, बत्ती, सुरक्षा घेरा तथा वैकल्पिक आवागमनको व्यवस्था अनिवार्य गरिनुपर्छ। साथै, निर्माणस्थलको नियमित अनुगमन गरी लापरबाही गर्ने निर्माण कम्पनीलाई कानुनी दायरामा ल्याउनुपर्छ। दुर्घटना भएपछि क्षतिपूर्ति र दुःख व्यक्त गरेर मात्रै राज्यको दायित्व पूरा हुँदैन्। दुर्घटना हुन नदिनु नै सबैभन्दा ठूलो जिम्मेवारी हो। सडक निर्माणका क्रममा भएका दुर्घटनाको निष्पक्ष छानबिन गरी लापरबाही पुष्टि भए सम्बन्धित निर्माण कम्पनी र जिम्मेवार पक्षलाई कानुनअनुसार कारबाही गरिनुपर्छ। ज्यान गुमाएका परिवारले न्याय र उचित क्षतिपूर्ति पाउनुपर्छ। घाइतेको उपचार तथा राहतको व्यवस्था पनि सम्बन्धित निकायले सुनिश्चित गर्नुपर्छ। अर्कोतर्फ, सडक निर्माणको अनुगमन गर्ने निकायहरू पनि आफ्नो जिम्मेवारीबाट मुक्त हुन सक्दैनन्। निर्माणस्थलमा सुरक्षा मापदण्ड पालना भए-नभएको नियमित अनुगमन नगर्नु र दुर्घटनापछि मात्रै सक्रिय हुनु नियामक निकायको कमजोरी हो। त्यसैले अनुगमन र कागजी प्रतिवेदनमा सीमित नभई व्यवहारमै प्रभावकारी नियमन आवश्यक छ।

विकासको अर्थ सडक कालोपत्रे हुनु, सडक फराकिलो बन्नु वा निर्माण सम्पन्न भएको प्रतिवेदन तयार हुनु मात्रै होइन्। विकासको वास्तविक अर्थ नागरिकले सुरक्षित रूपमा यात्रा गर्न पाउनु हो। सडक निर्माणका कारण नागरिकले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था आउँन दिनु हुँदैन्। त्यस्तो भएको हो भने त्यो विकास होइन, विकास व्यवस्थापनको असफलता हो। सिरहाका सडकमा देखिएको यो समस्यालाई सामान्य ठानेर बेवास्ता गर्नु हुँदैन्। आज निर्माण सामग्रीका कारण दुर्घटनामा पर्ने नागरिक जोकोही हुन सक्छन्। त्यसैले सम्बन्धित निकायले तत्काल कडा कदम चाल्नुपर्छ। निर्माण कम्पनीको लापरबाहीमाथि अंकुश लगाउँदै सडक निर्माणलाई सुरक्षित, व्यवस्थित र उत्तरदायी बनाउनुपर्छ। सडक नागरिकका लागि हो। नागरिक सडकका लागि होइनन्। विकास निर्माणको नाममा नागरिकको जीवनसँग खेलबाड गर्ने छुट कसैलाई छैन्। सडक विस्तारसँगै सुरक्षा मापदण्डको पनि विस्तार हुनुपर्छ। नागरिकको ज्यान जोगाउने विषयलाई पहिलो प्राथमिकतामा राखेर मात्रै विकास निर्माणलाई सार्थक बनाउन सकिन्छ। सडकमा भण्डार गरिएको निर्माण सामग्री तत्काल हटाउने गरी सम्बन्धित निकायले आफ्नो सक्रियता बढाउनु तत्काल जरुरी छ।

छठ सकिएसँगै मधेशमा सुरू भयो सत्ता समीकरणको खेल, कसले पाउला मुख्यमन्त्रीको कुर्सी ?



वाहिद हदीस
जनकपुरधाम, मंसिर ०१ गते

मधेश प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया सुरु भएसँगै मुख्यमन्त्रीको कुर्सीलाई लिएर प्रमुख राजनीतिक दलहरूबीच प्रतिस्पर्धा तीव्र बनेको छ। प्रदेशसभाको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपाल र दोस्रो ठूलो दल नेकपा एमाले दुवैले सरकारको नेतृत्वमा चासो देखाएपछि सत्ता समीकरणको केन्द्रमा नेतृत्वको प्रश्न उभिएको छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिनुअघि नै राजीनामा दिएपछि प्रदेश प्रमुख डा. सुरेन्द्रलाल कर्णले संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेका छन्। दाबी पेस गर्न ४ मंसिरको अपराह्न ४ बजेसम्मको समय दिइएको छ।

यसबीच प्रदेशमा नयाँ सरकार गठनका लागि दलहरूबीच जोडघटाउ सुरु भएको छ। छठ पर्वका कारण रोकिएको औपचारिक राजनीतिक संवाद अब सत्ता साझेदारी, मुख्यमन्त्रीको नेतृत्व र मन्त्रालय बाँडफाँटको विषयमा केन्द्रित हुने देखिन्छ।

जसपा नेपाल प्रदेशसभाको सबैभन्दा ठूलो दल भएकाले सरकारको नेतृत्वमा आफ्नो स्वाभाविक दाबी रहेको बताउँदै आएको छ। एमालेले पनि जसपा नेपालसँग सहकार्यको सम्भावना खुला राख्दै नेतृत्व आफैं लिन चाहेको संकेत गरेको छ। यही कारण सम्भावित गठबन्धनमा दुई दलबीच सहकार्यभन्दा नेतृत्वको विषय बढी पेचिलो बन्ने देखिएको छ।

जसपा र एमालेबीच सहमति जुटे सरकार गठनको अंकगणित सहज हुन सक्छ। तर, दुवै दल नेतृत्व छोड्न तयार नभए गठबन्धनको समीकरण नै फेरिन सक्ने सम्भावना छ। यस्तो अवस्थामा कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी र जनमत पार्टीको भूमिका निर्णायक बन्न सक्छ।

जनमतको निर्णयले बदलिन सक्छ सत्ता समीकरण

नयाँ सरकार गठनमा जनमत पार्टीको भूमिका पनि महत्त्वपूर्ण देखिएको छ। पार्टी अध्यक्ष डा. सीके राउतले प्रदेश सरकारमा सहभागी नहुने सार्वजनिक अभिव्यक्ति दिएपछि उसको आगामी राजनीतिक कदमबारे अन्योल छ। प्रदेशसभामा १२ सांसद रहेको जनमत पार्टीको समर्थनले विभिन्न गठबन्धनको बहुमत सुनिश्चित गर्न सक्छ। तर, अध्यक्ष राउतको अभिव्यक्ति र प्रदेशसभा सदस्यहरूको सम्भावित भूमिकाबीच स्पष्टता नदेखिँदा अन्य दलहरू पनि उसको निर्णयको प्रतीक्षामा छन्।

यता नेपाली कम्युनिस्ट पार्टीले पनि नयाँ सरकार गठनमा आफ्नो भूमिका महत्त्वपूर्ण बनाउन खोजिरहेको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएर बाहिरिएको उक्त पार्टीले नयाँ सत्ता समीकरणका लागि ढोका बन्द गरेको छैन। जसपा नेपाल, एमाले र नेकपाबीच सहकार्य हुन सके सरकार गठनको बलियो आधार तयार हुन सक्छ।

राजनीतिक विश्लेषक डा. भोगेन्द्र झा भने मधेश प्रदेशको नेतृत्व मधेशको राजनीतिक तथा सामाजिक परिवेश बुझेको दलले गर्नुपर्ने बताउँछन्। केन्द्रमा राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार रहेकाले प्रदेशमा मधेशका मुद्दा र जनभावना बुझ्ने दलको नेतृत्व आवश्यक रहेको उनको तर्क छ।

एमाले, नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीप्रति जनताको अपेक्षा कमजोर रहेको विश्लेषण गर्दै उनले जसपा नेपालले प्रदेश सरकारको नेतृत्व लिनु उपयुक्त हुने धारणा राखेका छन्।

चार समीकरण, नेतृत्वमा सहमति मुख्य चुनौती

१०३ सदस्यीय मधेश प्रदेशसभामा उपलब्ध दलगत विवरणअनुसार जसपा नेपालका २७, एमालेका २३, नेपाली कांग्रेसका २२, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन्। लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन्।

तर, प्रदेशसभाको कुल सदस्य संख्या र हाल मताधिकार प्रयोग गर्न सक्ने सदस्यको संख्यामा फरक छ। जसपा नेपालका सरोजसिंह कुशवाहा निलम्बनमा छन्। नेपाली कम्युनिस्ट पार्टीका भरत साह, एमालेका रामचन्द्र मण्डल र जनमतका सतीशकुमार सिंह प्रतिनिधिसभा निर्वाचन लड्न प्रदेशसभा सदस्यबाट राजीनामा दिएका छन्। सभामुख रामआशिष यादवलाई पनि दलगत गणनामा समावेश गरिएको छैन। जनमतका निलम्बित सदस्य अभिराम शर्माको निलम्बन भने फुकुवा भइसकेको छ।

यस आधारमा सरकार गठनका चार सम्भावित समीकरण चर्चामा छन्। पहिलो, जसपा नेपाल, एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच गठबन्धन हुन सक्छ। यी तीन दलको उपलब्ध दलगत संख्या जोड्दा ६५ पुग्छ। अंकगणितीय हिसाबले यो बलियो विकल्प हो। तर, जसपा नेपालभित्र एमाले र नेकपासँग सहकार्य गर्ने विषयमा फरक मत रहेको चर्चा छ।

दोस्रो, जसपा नेपाल, एमाले र जनमत पार्टीबीच सहकार्य हुन सक्छ। यी दलको संख्या जोड्दा ६२ पुग्छ। तर, जनमत अध्यक्ष राउतको सरकारमा सहभागी नहुने अभिव्यक्ति र एमालेसँग सहकार्यप्रति पार्टीभित्र देखिएको असन्तुष्टिले यो विकल्पलाई अनिश्चित बनाएको छ।

तेस्रो, कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच पुनः गठबन्धन हुन सक्छ। यी तीन दलको संख्या ६० पुग्छ। यसअघि कांग्रेस नेतृत्वको सरकारलाई दिएको समर्थन नेकपाले फिर्ता लिएको तथा कांग्रेसलाई नेतृत्व दिन एमाले अनिच्छुक देखिएको अवस्थामा यो समीकरणमा सहमति जुटाउन कठिन देखिन्छ।

चौथो, कांग्रेस, जसपा नेपाल र जनमत पार्टीबीच गठबन्धन बन्न सक्छ। यी तीन दलको उपलब्ध संख्या ६१ पुग्छ। तर, मुख्यमन्त्रीको नेतृत्व कसले गर्ने र महत्त्वपूर्ण मन्त्रालय कसले पाउने भन्ने विषयमा सहमति जुटाउनु यस विकल्पको मुख्य चुनौती हुनेछ।

यी विकल्पमध्ये कुन समीकरणले मूर्तरूप लिन्छ भन्ने कुरा दलहरूबीचको वार्ता र नेतृत्वमा हुने सहमतिमा निर्भर रहनेछ।

सत्ता परिवर्तनको चक्रमा बित्यो प्रदेश सरकारको कार्यकाल

मधेश प्रदेशमा सरकार गठन भएयता मुख्यमन्त्री परिवर्तनको क्रम रोकिएको छैन। चार वर्ष नपुग्दै पाँच जना मुख्यमन्त्री फेरिएका छन्। तर, सरकारको नेतृत्व फेरिए पनि प्रदेशका आधारभूत समस्या समाधान हुन नसकेको भन्दै सरकारहरूको कार्यक्षमतामाथि प्रश्न उठ्दै आएको छ।

२९ पुस २०७९ मा जसपाका सरोजकुमार यादव मुख्यमन्त्री नियुक्त भएका थिए। उनी २३ जेठ २०८१ मा पदमुक्त भएपछि २५ जेठमा जनमत पार्टीका सतीशकुमार सिंह मुख्यमन्त्री बने। उनले २८ असोज २०८२ मा राजीनामा दिएपछि २९ असोजमा लोकतान्त्रिक समाजवादी पार्टीका जितेन्द्र सोनल मुख्यमन्त्री नियुक्त भए।

सोनलले २४ कार्तिकमा राजीनामा दिएपछि एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बने। उनले १७ मंसिरमा राजीनामा दिएपछि १९ मंसिरमा नेपाली कांग्रेसका कृष्णप्रसाद यादव मुख्यमन्त्री नियुक्त भएका थिए।

उनले २८ कार्तिक २०८३ मा राजीनामा दिएसँगै प्रदेशमा पुनः सरकार गठनको प्रक्रिया अघि बढेको हो। मुख्यमन्त्री फेरिने क्रमसँगै प्रदेशसभाका अधिकांश सांसद कुनै न कुनै समयमा मन्त्री बनिसकेका छन्। तर, सरकारको नेतृत्व र मन्त्रीहरूको अनुहार फेरिए पनि जनताको जीवनस्तरमा अपेक्षित परिवर्तन आउन सकेको छैन।

बेरोजगारी, कमजोर शिक्षा तथा स्वास्थ्य सेवा, कृषि क्षेत्रको संकट, पूर्वाधार विकासमा ढिलाइ र सुशासनको अभाव प्रदेशका प्रमुख समस्या रहँदै आएका छन्। सरकार गठन र विघटनको राजनीतिक खेलमा दलहरू केन्द्रित हुँदा यी समस्या प्राथमिकतामा पर्न नसकेको आलोचना हुँदै आएको छ।

सर्वदलीय सरकारको प्रस्ताव

यसैबीच, जसपा नेपालका प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री मनिष सुमनले नयाँ सरकार गठनका लागि दलहरूबीच २ मंसिरदेखि छलफल सुरु हुने बताएका छन्। प्रदेशसभाको सबैभन्दा ठूलो दल भएकाले आफ्नो पार्टीले सरकार निर्माणका विषयमा सबै दलसँग संवाद अघि बढाउने उनको भनाइ छ।

'दलहरूबीच सहमति भए सर्वदलीय सरकार बन्छ। त्यसो हुन नसके बहुमतीय सरकार गठन हुन्छ,' उनले भने। सुमनका अनुसार जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवको नेतृत्वमा सरकार गठनका लागि अन्य दलहरूसँग छलफल अघि बढाइनेछ।

जसपा नेपालले सर्वदलीय सरकारको प्रस्ताव अघि सारे पनि त्यसमा अन्य दलहरूको सहमति कति जुट्छ भन्ने स्पष्ट भइसकेको छैन। सबै दललाई समेट्ने सरकार गठनको प्रस्ताव सहमतिको आधार बन्न सक्छ, तर नेतृत्व र मन्त्रालय बाँडफाँटमा दलहरूबीचको प्रतिस्पर्धा कायमै रहे बहुमतीय सरकारकै विकल्प रोज्नुपर्ने अवस्था आउन सक्छ। मुख्यमन्त्रीको कुर्सीका लागि दलहरूबीच प्रतिस्पर्धा भइरहँदा जनताले भने स्थिर सरकार र विकासको परिणाम खोजिरहेका छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

आजको राशिफल

मेष : दिन राम्रो छ। सामाजिक काममा फाइदा हुनेछ। श्रमको मूल्य प्राप्त हुनेछ।

बृष : शिक्षा र व्यापारमा गरेको लगानीबाट नाफा हुनेछ। बन्धुसँगको सहकार्यमा फाइदा हुनेछ।

मिथुन : प्रियजनसँगको भेटले मनमा खुसी मिल्ने छ। पठनपाठनमा रुची बढ्ने छ।

कर्कट : दिन राम्रो छ। सहकर्मीसँगको सहकार्यले उचाइ बढ्ने छ। शिक्षामा गरेको लगानीको उचित मूल्यांकन हुनेछ।

सिंह : कृषिजन्य वस्तुको व्यापारबाट नाफा हुनेछ। निजी क्षेत्रको शिक्षामा प्रगति हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्ला।

कन्या : हरेक काममा अवरोध हुनेछ। सामाजिक काममा आंशिक फाइदा हुनेछ। संकटमा परिवारको साथ र सहयोग भने प्राप्त हुनेछ।

तुला : पठनपाठनमा मन जानेछ। शिक्षाको क्षेत्रमा उन्नती हुने दिन छ। पारिवारिक मेलमिलाप हुनेछ।

वृश्चिक : दिन राम्रो छ। मन प्रशन्न बन्नेछ। निजी क्षेत्रमा भन्दा सामाजिक क्षेत्रमा सेवाको अवसर मिल्ने छ।

धनु : दिन राम्रो छ। शिक्षा र स्वास्थ्यमा सुधारको योग छ। भित्री योजना नसुनाउनु फाइदा हुनेछ।

मकर : दिन सामान्य छ। आज गरेको लगानी डुब्ने जोखिम छ। लगानी गर्नु अगाडि सोच्नु उचित हुन्छ।

कुम्भ : सामाजिक र राजनीतिक क्षेत्रमा काम गर्ने हिम्मत गर्नुपर्ने देखिन्छ।

मीन : दिन राम्रो छ। यात्रा सफल बन्नेछ। शिक्षा र स्वास्थ्यमा सुधारका संकेत देखिने छन्।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

स्थानीय तहसँगै प्रदेशसभा निर्वाचन: बजेट जोगाउने प्रयत्न कि राजनीतिक लाभमा रास्वपाको नजर !

स्थानीय तह र प्रदेशसभा निर्वाचनबारे दुईवटा विकल्पमा छलफल

अपन दैनिक संवाददाता
काठमाडौं, मंसिर ०१ गते



निर्वाचन आयोगले स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकै पटक गराउने कि छुट्टाछुट्टै गराउने भन्ने विषयमा परामर्श सुरू गरेको छ।

आयोगले आउँदो मंसिर ४ गते राष्ट्रिय मान्यताप्राप्त दलहरूलाई छलफलका लागि डाकेको छ।

२०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन भएको थियो। उक्त निर्वाचन अनुसार बनेका स्थानीय सरकारहरूको अवधि आउँदो २०८४ वैशाख २९ गते समाप्त हुँदैछ।

निर्वाचन आयोगका आयुक्तहरूले गृहमन्त्री सुधन गुरूङलाई भेटेर स्थानीय तह र प्रदेशसभा निर्वाचन एकै पटक गराउने कि छुट्टाछुट्टै गराउने भन्ने विषयमा स्पष्ट हुन सरकारलाई आग्रह गरिसकेको छ। प्रदेशसभाको कार्यकाल आउँदो २०८४ मंसिर ३ गते सकिँदैछ।

सरकारले अहिले दुवै निर्वाचन एकै पटक गराउने विकल्पहरूमा अध्ययन गरिरहेको गृह मन्त्रालय स्रोतले जनाएको छ।

पहिलो विकल्प, आउँदो असोजमा निर्वाचन गराउने।

सरकारले स्थानीय तहको कार्यकाल वैशाखमा समाप्त भए पनि आउँदो असोजसम्म स्थानीय सरकार रिक्त राख्ने र असोजमा दुवै निर्वाचन गराउने प्रस्तावमा छलफल गरिरहेको छ।


संविधान अनुसार स्थानीय तहहरू ६ महिनाभन्दा लामो समय रिक्त रहन सक्दैनन्। त्यसैले असोजमा निर्वाचन गराउँदा संविधानले अप्ठ्यारो नपार्ने सरकारको बुझाइ छ।

गृह मन्त्रालय स्रोतका अनुसार यो विकल्प प्रस्ताव गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले राजनीतिक लाभको आकलन गरेको हुनसक्छ। अहिले भएका स्थानीय सरकारका मेयर/उपमेयर, अध्यक्ष/उपाध्यक्ष र वडा अध्यक्ष सहितका पदहरू रिक्त भएपछि पुराना राजनीतिक दलको प्रभाव केही कम

बाँकी पृष्ठ ४ ▶▶

मधेशमा यौनजन्य हिंसा रोकथामका लागि प्रहरीको सेचतनामूलक अभियान

अपन दैनिक संवाददाता
पर्सा, मंसिर ०१ गते



मधेश प्रदेशका विभिन्न जिल्लामा यौनजन्य हिंसाका घटना बढ्दै गएको भन्दै नेपाल प्रहरीले यसको रोकथाम र न्यूनीकरणका लागि तीनदिने सचेतनामूलक अभियान सुरु गरेको छ।

अपराध अनुसन्धान विभागको ७१औं स्थापना दिवसको अवसर पारेर प्रहरीले मधेश प्रदेशका जिल्लामा यौनजन्य हिंसाविरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले अभियान सन्चालन गरेको हो।

वीरगन्जस्थित घण्टाघरमा मंगलबार आयोजित कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद दाहालले अभियानको उद्घाटन गरे।

कार्यक्रममा नेपाल प्रहरी प्रदेश कार्यालय वीरगन्जका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक कृष्णबहादुर पल्ली मगरले पछिल्लो समय मधेश प्रदेशका विभिन्न जिल्लामा यौनजन्य हिंसाका घटना बढ्दै गएको देखिएकाले प्रहरी प्रधान कार्यालयको परिपत्रअनुसार अभियान सन्चालन गरिएको बताए।

यौनजन्य हिंसामुक्त समाज निर्माण अभियानको मुख्य उद्देश्य रहेको उनको भनाइ थियो।

यस्ता अपराध नियन्त्रण गर्न प्रहरीको प्रयास मात्र पर्याप्त नहुने उल्लेख गर्दै उनले नागरिक समाज, विभिन्न संघसंस्था, विद्यार्थी र समुदायका सबै वर्गको सक्रिय सहभागिता आवश्यक रहेको बताए। सबै पक्षसँग सहकार्य गरेर अभियानलाई प्रभावकारी बनाउने उनले बताए।

जिल्ला प्रहरी कार्यालय पर्साको आयोजनामा भएको कार्यक्रममा पर्साका प्रहरी प्रमुख पवन भट्टराई, सशस्त्र प्रहरी प्रमुख मोहन क्षेत्री, नागरिक समाजका अगुवा, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा विद्यार्थी सहभागी थिए।

उद्घाटनपछि घण्टाघरबाट निकालिएको सचेतनामूलक ज्यालीले वीरगन्जका विभिन्न भागको परिक्रमा गरेको थियो। ज्याली पुनः घण्टाघरमै पुगेर समापन भएको थियो। तीन दिनसम्म सन्चालन हुने अभियानमा यौनजन्य हिंसाका घटनाबारे समुदायलाई सचेत गराउने, रोकथामका उपायबारे जानकारी दिने तथा हिंसाविरुद्ध आवाज उठाउन नागरिकको सहभागिता बढाउने लक्ष्य राखिएको प्रहरीले जनाएको छ।

पत्रकार महासंघले गर्‍यो आन्दोलनका कार्यक्रम .....

ध्यानाकर्षणपत्र बुझाइनेछ। मंसिर ५ गते संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रमुखलाई ध्यानाकर्षणपत्र पठाइनेछ।

त्यसैगरी, मंसिर ५ र ६ गते शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड) सँग छलफल गरिनेछ। मंसिर ७ गते सबै जिल्ला शाखाले सञ्चारसम्बद्ध संघसंस्थासँग छलफल गर्ने कार्यक्रम तय गरिएको छ।

आन्दोलनको थप सशक्त कार्यक्रमअन्तर्गत मंसिर ९ गते देशभरका जिल्ला शाखाको आयोजनामा जिल्ला प्रशासन कार्यालयमा भेला भई 'पत्रकारलाई सामूहिक गिरफ्तार गर' भन्ने व्यानरसहित प्रदर्शन गरिने महासंघले जनाएको छ।

महासंघले आफ्ना माग पूरा नभए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिएको छ।

आन्दोलनका कार्यक्रम

२०८३ मंसिर २ गते - प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाउने।
२०८३ मंसिर ५ गते - संसद्मा प्रतिनिधित्व गर्ने सबै पार्टी प्रमुखलाई ध्यानाकर्षणपत्र पठाउने।
२०८३ मंसिर ५ र ६ गते - शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) सँग छलफल गर्ने।
२०८३ मंसिर ७ गते - सबै जिल्ला शाखाले सञ्चारसम्बद्ध संघसंगठनसँग छलफल गर्ने।
२०८३ मंसिर ९ गते - जिल्ला शाखाको आयोजनामा सबै जिल्ला प्रशासन कार्यालयमा 'पत्रकारलाई सामुहिक गिरफ्तार गर' भन्ने व्यानरसहित भेला हुने।
माग पूरा नभए थप आन्दोलन तय गर्ने।

किर्ते हस्ताक्षर गरेर गाउँसभाबाट बजेट पारित गरेको आरोपमा गाउँपालिका अध्यक्ष पक्राउ

अपन दैनिक संवाददाता
सर्लाही, मंसिर ०१ गते



किर्ते हस्ताक्षर गरेर गाउँसभा पारित गरेको आरोपमा सर्लाहीको बसबरिया गाउँपालिकाका अध्यक्ष राम सिंहासन राय पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले मंगलबार साँझ मानपुर बजारबाट घर फर्किँदै गरेका रायलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रवीन्द्रनाथ पौडेलले राय पक्राउ परेको पुष्टि गरे। उनका अनुसार किर्ते हस्ताक्षर गरी गाउँसभा पारित गरेको आरोपमा अदालतबाट पक्राउ अनुमति प्राप्त भएपछि रायलाई नियन्त्रणमा लिइएको हो।

आर्थिक वर्ष २०८०/८१ को गाउँसभामा वडा नम्बर २ बाट निर्वाचित वडा सदस्य सुनैना सहनीको हस्ताक्षर किर्ते गरी बजेट पारित गरेको आरोप रायमाथि छ। गाउँसभा बैठकमा बजेटको निर्णय गर्दा आधाआधा भएपछि गाउँपालिका अध्यक्ष रायले वडा सदस्य सहनीको हस्ताक्षर किर्ते गरेर बजेट पारित गराएको आरोप रहेको प्रहरी स्रोतले बतायो।

यस विषयमा गाउँपालिकाकी उपाध्यक्ष पक्षले अध्यक्ष रायविरुद्ध सर्लाही जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो।







मानव बेचबिखनसम्बन्धी कसुरमा दण्ड सजायको दायरा फराकिलो बनाउने तयारी

अपन दैनिक संवाददाता
काठमाडौं, मंसिर ०१ गते



महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले दण्ड सजायको दायरालाई फराकिलो बनाउने उदेश्यका साथ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण)(पहिलो संशोधन) विधेयक,२०८३ ल्याएको जनाएको छ।

सिंहदरबारमा मंगलबार बसेको प्रतिनिधिसभा अन्तर्गतको महिला तथा सामाजिक मामिला समितिमा मन्त्रालयका सचिव कृष्ण बहादुर राउतले स्वदेश वा विदेशमा कसूरको आरोप लागेका व्यक्तिलाई कानुनको दायरामा ल्याउने र दण्ड सजायको दायरालाई फराकिलो बनाउने उदेश्यका साथ उक्त विधेयक ल्याएको बताएका हुन्।

उनले उच्च जोखिममा रहेका तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँच सुनिश्चित गर्ने गरि विधेयकको मस्यौदा तयार पारिएको बताए । मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सिमाना,अन्तर्राष्ट्रिय विमानस्थल र सम्भावित स्थलमा निगरानीको व्यवस्था गर्ने प्रस्ताव समेत गरिएको उनले बताए।

सचिव राउतले जबर्जस्ती श्रममा लगाउने कार्यलाई कसुर कायम गर्ने, बालबालिकालाई आफ्नो नियन्त्रणमा लिने कार्यलाई पनि ओसारपसारको कसुरको रूपमा कायम गर्नुपर्ने प्रस्ताव गरिएको उल्लेख गरे। विदेशी पीडित नागरिकलाई सम्बन्धित मुलुकसँग कूटनीतिक माध्यममार्फत समन्वय गरेर फिर्ता पठाउने व्यवस्था गरिएको उनको भनाइ छ।

उनले संगठित अपराधसँग सम्बन्धित ऐन र वैदेशिक रोजगारसँग सम्बन्धित ऐनहरूसँग विरोधाभास नआउने गरी मानव बेचबिखन तथा ओसारपसार हुने सम्मका विषयहरूलाई समायोजन गरी संशोधन प्रस्तावलाई अझ परिष्कृत गर्नुपर्ने बताए । समिति सदस्यहरूले साइबर हिंसा,अपराध र बालबालिकामाथि हुने यौन हिंसा तथा श्रम शोषण रोकथामलाई रोक्न कडा रुपमा कानुन निर्माण गर्नुपर्नेमा जोड दिएका थिए।

भारतले अनुमति नदिँदा ६०९ मेगावाट बिजुली बेच्न पाएन .....

वर्षायाममा उत्पादन भएको अतिरिक्त बिजुली भारतमा बिक्री गर्न सक्ने अवस्था थियो। दसैं, तिहार र छठका कारण केही समय उद्योग तथा अन्य क्षेत्रको विद्युत् खपत कम भएकाले आन्तरिक मागभन्दा उत्पादन बढी भएको थियो। त्यस अवधिमा नेपालले उक्त बिजुली बिक्री गर्न सक्ने भए पनि अनुमति नपाउँदा बिक्री गर्न सकेन।

'अब त हामीले नै बिजुली निर्यात बढाउनुपर्ने बेला भएको छ, अब अनुमति पाए पनि यो वर्ष हिउँदमा दिन सकिँदैन,' विद्युत प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायूकुमार श्रेष्ठले भने।

अहिले नदीमा पानीको बहाव घट्दै जाँदा जलविद्युत् उत्पादन पनि कम हुन्छ। त्यसपछि नेपालमा आन्तरिक माग धान्न नै भारतबाट बिजुली ल्याउनुपर्ने हुन्छ।

प्राधिकरणका अनुसार अहिले नेपालमा करिब २ हजार ६ सयदेखि २ हजार ७ सय मेगावाट बिजुली उत्पादन भइरहेको छ भने आन्तरिक माग करिब २ हजार २ सयदेखि २ हजार ३ सय मेगावाट छ।

आगामी माघ र फागुनमा करिब ५ सय मेगावाट बिजुली निरन्तर आयात गर्नुपर्ने र उच्च माग हुने समयमा ८ सयदेखि ९ सय मेगावाटसम्म आयात गर्नुपर्ने प्राधिकरणको अनुमान छ।

यसैबीच भारतले नेपाललाई हिउँदयामका लागि भारतीय ऊर्जा एक्सचेन्जबाट ३५० मेगावाटसम्म बिजुली आयात गर्न अनुमति दिएको छ।

त्यस्तै, नेपालका तीन जलविद्युत् आयोजनाबाट उत्पादित ५६ मेगावाट बिजुली आइएक्समार्फत भारतमा बिक्री गर्न पनि स्वीकृति पाएको छ।

स्थानीय तहसँगै प्रदेशसभा निर्वाचन: बजेट जोगाउने .....

हुने र त्यसपछि निर्वाचन गराउँदा स्थानीय तहमा आफूलाई फाइदा हुने आकलन रास्वपाको छ।

दोस्रो विकल्प, चैतमा नै स्थानीय तह र प्रदेशसभाको निर्वाचन गर्ने।

२०८४ वैशाखमा स्थानीय तहहरूको पद रिक्त हुने भएकाले त्यसअघि नै दुवै निर्वाचन गर्ने विकल्पबारे पनि गृह मन्त्रालयले छलफल गरिरहेको छ।

दुवै निर्वाचन एकै पटक गर्दा सुरक्षा खर्च र निर्वाचन खर्चमा ३ देखि ४ अर्ब रूपैयाँ बचत हुने भएकाले वैशाख र मंसिरमा पटक पटक निर्वाचन गराउनुको साटो एकै पटक निर्वाचन गराउने सरकारको योजना छ।

'म्यादी प्रहरी भर्ती नै दुई पटक गर्नुपर्छ। उनीहरूका लागि कपडा किन्नुपर्छ, निर्वाचनमा खटिने कर्मचारीलाई भत्ता दुई पटक दिनुपर्छ,' गृह मन्त्रालय स्रोतले भन्यो, 'एकै पटक निर्वाचन गराउँद ठूलो धनराशी बचत हुन्छ। बरू सुरक्षा व्यवस्था मिलाउन दुई चरणमा निर्वाचन गरेर अघि बढ्न सकिन्छ।'

एक सातादेखि पन्ध्र दिनको अन्तरालमा तराई र पहाडमा अलग अलग मितिमा निर्वाचन गर्दा खर्च कम हुने आकलन सरकारको छ।

त्यस्तै, दुई पटक निर्वाचन गराउँदा दुई पटक निर्वाचन आचारसंहिता जारी हुन्छ। त्यस्तो बेला सरकारले नयाँ ठेक्का लगाउन नसक्ने र बजेटको भुक्तानी दिन पनि नसक्ने हुन्छ। यसले बजेट कार्यान्वयनमा समेत समस्या हुन सक्ने सरकारको बुझाइ छ।

'चैतमा नै प्रदेशसभाका लागि पनि निर्वाचन गरौं। तर उनीहरूको कार्यकाल मंसिरबाट मात्र सुरू हुने गरी चुनाव गरौं,' गृह मन्त्रालय स्रोतले भन्यो, 'यसले निर्वाचन खर्च बचत हुन्छ। प्रदेशसभा निर्वाचनमा विजयी हुनेहरूलाई पनि तयारी गर्न समय हुन्छ।'

हाल राष्ट्रियसभाका सांसदहरूको पदावधि नसकिँदै निर्वाचन हुने गरेको छ। त्यसैले यो विकल्पमा जाँदा पनि संवैधानिक र राजनीतिक अप्ठ्यारो नपर्ने सरकारको बुझाइको छ।

दुवै विकल्पका लागि स्थानीय तह निर्वाचन ऐन र प्रदेशसभा ऐनमा संशोधन आवश्यक भए गाँठो फुकाउने सरकारको तयारी छ।

स्थानीय तह निर्वाचन ऐनमा स्थानीय तहका पदहरू रिक्त हुनुपूर्व नै निर्वाचन गराइसक्नुपर्ने व्यवस्था छ। त्यसैले यस्ता अप्ठ्यारा फुकाउने तयारी सरकारको छ।

प्रदेशसभाको कार्यकाल पाँच वर्षको हुने संविधानको व्यवस्था छ। त्यसैले प्रदेशसभाको कार्यकाल हठात् अन्त्य भएको घोषणा गर्न सरकारलाई संवैधानिक रूपमा अप्ठ्यारो परेको छ।

यसअघि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकै पटक हुने गरेको थियो । तर २०८२ सालको भदौमा जेनजी आन्दोलनपछि प्रतिनिधिसभा विघटन भएर त्यसको छुट्टै निर्वाचन भइसकेको छ।

निर्वाचन आयोग के भन्छ ?

निर्वाचन आयोगले भने स्थानीय तहको निर्वाचन चैत महिनामा गर्न चाहेको छ।

चैतमा शैक्षिक सत्र अन्त्य भएर विद्यालयहरू बन्द हुन्छन् । त्यस्तो बेला निर्वाचन गराउँदा पठनपाठन प्रभावित नहुने र निर्वाचनका लागि विद्यालहरूलाई मतदान केन्द्र बनाउन सकिने आयोगको भनाइ छ।

निर्वाचन आयोग स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकै पटक गराउन पनि तयार छ । त्यसको तयारीका लागि यथेष्ट समय दिनुपर्ने आयोगको धारणा छ।

स्थानीय तहको निर्वाचनमा प्रत्येक वडाका लागि उम्मेदवारीका आधारमा छुट्टै मतपत्र छाप्नुपर्छ। मतगणना पनि ७ सय ५३ ठाउँमा गर्नुपर्छ। त्यसका लागि सुरक्षादेखि सबै प्रबन्ध मिलाउनुपर्छ।

स्थानीय तहका उम्मेदवारहरूले निर्वाचनमा प्रचारप्रसार अवधि छोटो बनाइदिन आयोगलाई आग्रह गर्दै आएका छन्। लामो अवधि भए खर्च धेरै हुने उम्मेदवारहरूको गुनासो छ। त्यसैले छोटो अवधिमा मतपत्र छाप्नुपर्छ। सबै वडामा पुऱ्याउनुपर्छ। समय व्यवस्थापन चुनौतीपूर्ण हुन्छ।

आयोगले निर्वाचनको अवधि घटाउन गोरखापत्र वा अन्य छापाखानाको प्रेस भए प्रदेश स्तरमा समेत मतपत्र छाप्ने गरी छलफल अघि बढाएको छ। यसले मतपत्र छपाइको समय छोट्याउन सकिने आयोगको बुझाइ छ।

हालसम्म जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडबाट मात्र मतपत्र छपाइ हुने गरेको छ। अझ चैतको समय पाठ्यपुस्तक समेत छाप्नुपर्ने जिम्मेवारी लिमिटेडलाई हुन्छ।

आयोगले आउँदो स्थानीय तह निर्वाचनमा बेजिल्ला मतदानको तयारी पनि सुरू गरेको छ। त्यसका लागि सरकारको प्रतिबद्धता र खरिद प्रक्रिया समयमै होस् भन्ने आयोगले चाहेको छ।

प्रदेशसभा निर्वाचनमा भने आयोगले विदेशबाट नमूना प्रोजेक्टका रूपमा मतदान गराउने लक्ष्य लिएको छ। आयोगले यी सबै व्यवस्था समेटिएको विधेयकको मस्यौदा गृह मन्त्रालयमा बुझाइ सकेको छ।

निर्वाचन आयोगले राजनीतिक दलहरूलाई आउँदो मंसिर ४ गते दलहरूसँग विदेशबाट मतदान, बेजिल्ला मतदान, स्थानीय तह र प्रदेशको निर्वाचन एकसाथ गर्ने कि छुट्टाछुट्टै गर्ने भन्ने विषयमा स्पष्ट हुन चाहेको छ।

रास्वपा महोत्तरीमा विवाद

उपसभापतिमाथि आफ्नै पार्टीका सांसद समूहबाटै हातपातको प्रयास ?

अपन दैनिक संवाददाता
बर्दिबास, मंसिर ०१ गते



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महोत्तरी जिल्ला उप-सभापति चन्द्रकिशोर महतोमाथि महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य प्रमोद कुमार महतो लगायतका व्यक्तिहरूले हातपातको प्रयास, गालीगलौज तथा अभद्र व्यवहार गरेको आरोप लागेको छ।

रास्वपा महोत्तरीले प्रेस नोट जारी गर्दै घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । घटना बर्दिबासको हो। प्रतिनिधि सभा सदस्य महतोको निर्देशनमा घटना भएको आरोप लागेको छ । 'संगठनको जिम्मेवार तहमा रहेका नेतृत्वमाथि जनप्रतिनिधिकै निर्देशनमा हातपातको प्रयास र दुर्व्यवहार भएको भन्ने विषय सामान्य घटना नभई संगठनको विधि, विधान, अनुशासन, मर्यादा र लोकतान्त्रिक मूल्य-मान्यतामाथिको गम्भीर प्रहार हो,' पीडित समेत रहेका महोत्तरीका कार्यवाहक सभापति महतोले प्रेस नोट जारी गर्दै भनेका छन्, 'राजनीतिक शक्ति, पद र पहुँचको आडमा संगठनभित्रै जिम्मेवार नेतृत्वलाई धम्क्याउने, अपमानित गर्ने तथा भौतिक आक्रमणको प्रयास गर्ने प्रवृत्ति कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन ।'

महोत्तरी जिल्ला समिति यस्ता अराजक, अनुशासनहीन र दण्डनीय गतिविधिको घोर निन्दा एवं भर्त्सना समेत गरेको छ । 'संगठन भनेको व्यक्ति विशेषको निजी सम्पत्ति होइन र कुनै जनप्रतिनिधि वा पदाधिकारीलाई संगठनको विधि, विधान र मर्यादाभन्दा माथि रहने छुट छैन,' जारी प्रेस नोटमा भनिएको छ, 'पद र शक्तिको दुरुपयोग गर्दै संगठनभित्र भय सिर्जना गर्ने तथा जिम्मेवार नेतृत्वमाथि दबाब र दुर्व्यवहार गर्ने कार्यलाई कुनै पनि हालतमा समर्थन गर्न सकिँदैन ।'

घटनामा संलग्न रहेका सम्पूर्ण व्यक्तिहरूमाथि तत्काल निष्पक्ष र पारदर्शी छानबिन गरी दोषी प्रमाणित हुनेहरूमाथि संगठनको विधान, नियम तथा अनुशासनअनुसार हदैसम्मको कारबाही गर्न महोत्तरी जिल्ला समिति सम्बन्धित निकायसँग जोडदार माग गरेको छ।

सोमबार महोत्तरी बर्दिबासमा सभामुख डिपि अर्यालको स्वागत कार्यक्रम कहाँ गर्ने ? भन्ने विषयबाट बर्दिबास रास्वपा दुई कित्तामा विभाजित भएपछी विवाद चर्किएको पार्टीका नेताहरु जनाएका छन् । प्रतिनिधि सभा सदस्य प्रमोद महतोसहितले सभामुखको स्वागत र सत्कारको कार्यक्रम गौतम होटलमा राखेका थिए भने अर्को समुहले विनायक होटलमा राखेका थिए । विवाद बल्झिएपछि गौतम र विनायक दुवै होटेलको कार्यक्रम रोकिएको थियो । अन्ततः भेटघाट कार्यक्रम बर्दिबास उद्योग बाणिज्य संघको सभा हलमा गरिएको थियो । सभामुखलाई खाना भने गौरिडाडाको खुकुरी होटलमा खाना खुवाइएको थिए । होटलको गेटमा विवाद भएको प्रत्यक्षदर्शीले जनाएका छन् ।

यता प्रतिनिधिसभा सदस्य प्रमोद महतोले आफू र आफ्नो समुहबाट उप-सभापतिमाथि हातपात, गालीगलौज लगायत कुनै गतिविधि नभएको जनाएका छन् । जिल्लाको उपसभापतिमाथी भएको घटना के हो ? यस विषय छलफल गर्न बर्दिबास उद्योगबाणिज्य संघमा बैठक बसिरहेको छ । बैठकमा रास्वपाका संगठन विभाग प्रमुख प्रमोद न्यौपाने, मधेश प्रदेश महामन्त्री मनिष साह, केन्द्रिय सदस्य अंकित यादव लगायत छन् ।

स्वास्थ्यमन्त्री मेहताको अनुगमन .....

थिईन्।

छठ मनाउने क्रममा मधेशको स्वास्थ्य संस्थाको समेत अनुगमनमा रहेकी स्वास्थ्य मन्त्री मेहता र प्रतिनिधिसभा सदस्य राजकिशोर महतो सहितको टोलीले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एक महिनाभित्र सरसफाई, सेवा चुस्त-दुरुस्त बनाउन निर्देशन समेत दिएकी हुन्। मधेशको राजधानी जनकपुरधाममा स्थापित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पतालमा स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाएर लैजान निर्देशन दिदै मन्त्री मेहताले किड्नी उपचार केन्द्र र क्यान्सर उपचार केन्द्रको विशेषज्ञ सेवा सञ्चालनको तयारी गरेको जानकारी दिईन्।

प्रतिष्ठानका उपकूलपछि डा. अंकुर साह, रजिष्टार डा. विनोद कुमार यादवले प्रतिष्ठानको अध्ययन अध्यापन र आवश्यक चुनौतीको विषयमा जानकारी गराएका थिए। रजिष्ट्रार डा. यादवले स्वास्थ्य मन्त्री निशा मेहता समक्ष २ सय शैयाको स्विकृत अस्पतालमा ५ सय शैयाको विरामीको उपचार गर्नुपर्ने बाध्यता, पुरानो दरबन्दी सहितको विषयमा मन्त्रीको ध्यानाकर्षण गराएका थिए।

अस्पतालका निर्देशक डा. जामुन सिंहले प्रादेशिक अस्पतालमा ५०० शैयाको भौतिक पूर्वाधार निर्माणको लागि पहल गरिदिन आग्रह गरिन्। डा. सिंहले भने, 'मधेश बाहेक हरेक प्रदेशमा १ हजार शैयाको अस्पताल बनाउने योजना अनुरुप मधेशमा पनि सोही अनुरुपको भौतिक पूर्वाधार निर्माण गरिदिन अनुरोध छ। बरु हामी प्रदेश सरकारबाट दरबन्दीको माग गर्छौं तर मधेशको जनसंख्यालाई ध्यान्ने गरी आस्पतालको भौतिक संरचना गरिदिनपऱ्यो।'

छलफलमा अस्पतालको सेवा गुणस्तरीय, व्यवस्थित र सर्वसुलभ बनाउन आवश्यक सुधार, भौतिक पूर्वाधार विकास तथा उपचार सेवाको गुणस्तर अभिवृद्धिमा जोड दिइएको थियो। साथै, आवश्यक सेवा तथा सुविधा विस्तारका लागि पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको छ।

अपन दैनिक
ग्राहक बन्नु परेमा।
नवीकरण गर्नु परेमा।
ठेगाना परिवर्तन भएमा।
पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

